**बीसौं नगरसभाका छलफलका प्रस्तावहरु:**

१. आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम ।
२. आ.व. २०८३/०८४ को वार्षिक बजेट वक्तव्य ।
३. आ.व. २०८३/०८४ को आर्थिक विधेयक, २०८३ ।
४. आ.व. २०८३/०८४ को विनियोजन विधेयक, २०८३ ।
५. नगरपालिकाको आवधिक योजना।
६. नगरपालिकाको मध्यकालीन खर्च संरचना (MTEF) ।
७. नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) स्वीकृत गर्ने ।
८. गौरीगङ्गा नगरपालिकाको दलित सशक्तिकरण तथा समावेशी विकास ऐन, २०८२ र गौरीगङ्गा नगरपालिका भलमान्सा प्रणाली (संरक्षण, प्रवर्द्धन तथा व्यवस्थापन) ऐन, २०८३ स्वीकृत गर्ने ।
९. नगर प्रमुखको तोक आदेशबाट गरिएको सम्पूर्ण कार्यको अनुमोदन ।
१०. नगर कार्यपालिका बैठकबाट चालु आ.व. मा भएका निर्णयहरु अनुमोदन ।
११. कार्यक्रम संशोधन तथा रकमान्तर सम्बन्धमा भएका कार्यको अनुमोदन ।
१२. करार कर्मचारीहरु सम्बन्धमा ।
१३. विविध।

**सभाका निर्णयहरु:**

१. यस गौरीगङ्गा नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ का लागि नगर प्रमुख श्री देवीदत्त कँडेलज्यूद्वारा सम्मानित २०औं नगरसभाको बैठकमा प्रस्तुत तपसिल बमोजिमको **वार्षिक नीति तथा कार्यक्रम (२०८३/०८४)** मा कुनै पनि सदस्यको फरकमत नरहेका कारण ध्वनिमतका आधारमा सर्वसम्मतिबाट पारित गरियो ।

**तपसिल:**

गौरीगङ्गा नगरपालिका, कैलाली
नगरसभाध्यक्ष नगरप्रमुख श्री देवीदत्त कँडेलज्यूको
नगरसभाको बिसौं अधिवेशनमा गरिएको सम्बोधन
आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

**गौरीगङ्गा नगरपालिका नगरसभाका सम्पूर्ण सदस्यज्यूहरू,**
**राष्ट्रसेवक कर्मचारीहरू, सञ्चारकर्मी मित्रहरू तथा उपस्थित महानुभावहरू,**

नेपाली जनताको पटकपटकको बलिदान, संघर्ष र लोकतान्त्रिक आन्दोलनको जगमा हाल स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास, संविधान प्रदत्त स्थानीय स्व-शासनको प्रभावकारी कार्यान्वयन तथा समृद्ध गौरीगङ्गा निर्माणको महान उद्देश्यका साथ आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम यस सम्मानित नगरसभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु ।

यस अवसरमा लोकतन्त्र, सामाजिक न्याय, समानता र नागरिक अधिकारको स्थापना तथा संरक्षणका लागि र जनयुद्ध एवम् नयाँ पुस्ता (Gen-Z) को आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै उपरोक्त लगायतका विभिन्न आन्दोलन तथा परिवर्तनका क्रममा घाइते तथा पीडित हुनुभएका सम्पूर्ण नागरिकप्रति उच्च सम्मान व्यक्त गर्दै उहाँहरूको शीघ्र तथा पूर्ण स्वास्थ्यलाभको कामना गर्दछु । यसै गरी गत वर्ष भदौ २३ र २४ गतेको प्रदर्शनको क्रममा यस नगरपालिकाको कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरू लगायतमा भएको क्षतिपश्चातको असहजताको समयमा हामीलाई आ-आफ्नो तहबाट नैतिक तथा भौतिक रुपमा फर्निचर र उपकरण लगायतका विभिन्न सामग्री उपलब्ध गराई सहयोग गर्नुहुने सम्पूर्ण संघसंस्था, व्यापारिक प्रतिष्ठान, विकास साझेदार र व्यक्तिहरूप्रति हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि सहयोगको विश्वास लिएको छु । यस गौरीगङ्गा नगरपालिकाको ऐतिहासिक बिसौं अधिवेशनमा यहाँहरू सबैलाई हार्दिक स्वागत गर्दै आगामी आर्थिक वर्षका लागि प्रस्तावित नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू देहायबमोजिम रहेको जानकारी गराउन चाहन्छु।

१. नेपालको संविधान, सोका निर्देशक सिद्धान्त, नीति तथा दायित्वहरू,
२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
३. सोहौं योजनाका लक्ष्य, उद्देश्य तथा रणनीतिहरू,
४. दिगो विकास लक्ष्यका प्रतिबद्धताहरू,
५. नेपाल सरकार तथा सुदूरपश्चिम प्रदेश सरकारका नीति तथा कार्यक्रम,

देवी दत्त कँडेल
नगर प्रमुख



गौरीगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
... कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

६. संघीयता कार्यान्वयन, सुशासन तथा सार्वजनिक सेवा सुधारसम्बन्धी राष्ट्रिय नीति,
७. निर्वाचनका क्रममा जनतासमक्ष व्यक्त गरिएका प्रतिबद्धताहरू,
८. नगरसभाका विगतका निर्णय तथा प्राप्त सुझावहरू,
९. कार्यपालिकाको विषयगत समिति, वडा कार्यालय, राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र, सहकारी तथा सरोकारवालाबाट प्राप्त रचनात्मक सुझावहरू,
१०. नगरपालिकाका विद्यमान ऐन, नियम, कार्यविधि तथा मापदण्डहरू ।

**आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमहरूको मूल उद्देश्यहरू यस प्रकार रहेका छन् ।**

१. जनताले प्रत्यक्ष अनुभूति गर्ने गरी सुशासन र सेवा प्रवाह सुनिश्चित गर्नु,
२. कृषि, पशुपन्छीपालन, उद्यमशीलता, सहकारी तथा रोजगारमार्फत स्थानीय अर्थतन्त्र सुदृढ गर्नु,
३. गुणस्तरीय स्वास्थ्य र शिक्षामा नागरिकको सहज पहुँच विस्तार गर्नु,
४. डिजिटल प्रविधिमार्फत सार्वजनिक सेवा प्रणालीलाई छिटो, सरल र पारदर्शी बनाउनु,
५. सहज न्यायिक पहुँच, सामाजिक सद्भाव र मेलमिलापलाई सुदृढ गर्नु,
६. पूर्वाधार विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनलाई दिगो बनाउनु,
७. वडा तथा नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि गर्नु ।

यस नीति तथा कार्यक्रमका प्रमुख प्राथमिकताहरू निम्नानुसार रहेका छन् ।

१. सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रण,
२. सूचना प्रविधियुक्त प्रभावकारी सेवा प्रवाह र संस्थागत आधुनिकीकरण, .
३. गुणस्तरीय तथा प्रविधिमैत्री शिक्षा र स्वास्थ्य सेवा,
४. कृषि तथा पशुपन्छीपालनको व्यवसायीकरण तथा आधुनिकीकरण,
५. सीप विकास, उद्यमशीलता, सहकारी र रोजगार,
६. सहज न्यायिक पहुँच तथा मेलमिलाप प्रवर्द्धन,
७. दिगो तथा अपाङ्गतामैत्री पूर्वाधार विकास,
८. सामाजिक समावेशीकरण,
९. वातावरण संरक्षण तथा विपद् व्यवस्थापन,
१०. राजस्व सुदृढीकरण तथा वित्तीय अनुशासन ।

**सम्मानित नगरसभा सदस्यज्यूहरू,**

अब म आगामी आर्थिक वर्षको विषय क्षेत्रगत नीतिहरू निम्नानुसार प्रस्तुत गर्न चाहन्छु ।

१. "भ्रष्टाचारप्रति शून्य सहनशीलता" को नीति अवलम्बन गर्दै पारदर्शिता, जवाफदेहिता, सदाचार र परिणाममुखी सेवा प्रवाहलाई संस्थागत गरिनेछ । साथै भ्रष्टाचार, बिचौलियापन, ढिलासुस्ती र गैरजिम्मेवारीपूर्ण कार्यप्रति शून्य सहनशीलता अपनाइनेछ ।
२. कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था र सेवा केन्द्रहरूबाट प्रवाह हुने सम्पूर्ण सेवाहरूलाई चरणबद्ध रूपमा विद्युतीय प्रणालीमा रूपान्तरण गरी छिटो, सरल, सहज र झन्झटरहित सेवा प्रवाह सुनिश्चित गरिनेछ ।
३. वडा कार्यालयबाट जन्म, मृत्यु, विवाह र बसाईंसराइ दर्ता, सामान्य सिफारिस, व्यवसाय दर्ता तथा नवीकरण लगायतका सेवाहरूलाई अनलाइन आवेदन तथा एकद्वार सेवा प्रणालीमार्फत उपलब्ध गराइनेछ ।
४. सूचना प्रविधिमा आधारित नागरिक गुनासो व्यवस्थापन प्रणाली स्थापना गरी प्राप्त गुनासोहरूको समयबद्ध सुनुवाइ, सम्बोधन र समाधान सुनिश्चित गरिनेछ ।
५. नगरपालिकामा सेवाग्राही सहायता कक्ष (help & health desk) स्थापना गरी आधारभूत स्वास्थ्य परीक्षण तथा सेवा प्राप्तिमा नागरिकलाई सहज मार्गदर्शन र सहजीकरण गरिनेछ ।
६. कार्यपालिकाको कार्यालय, स्वास्थ्य संस्था, वडा कार्यालयहरू तथा सेवा केन्द्रहरूमा सूचना प्रविधिको विस्तार गरी क्रमशः कागजरहित कार्यालयको रूपमा विकास गर्दै विद्युतीय अभिलेख प्रणाली पूर्ण रूपमा लागू गरिनेछ ।
७. सार्वजनिक खरिद प्रक्रियालाई जवाफदेही र पारदर्शी बनाउँदै ई-बिडिङ प्रणालीको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

८. वार्षिक कार्यसम्पादन सम्झौता, नियमित अनुगमन, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, नागरिक निगरानी तथा उत्कृष्ट कार्यसम्पादन गर्ने वडा, संस्था र कर्मचारीलाई प्रोत्साहन तथा सम्मान गर्ने प्रणाली संस्थागत गरिनेछ ।

**आदरणीय नगरसभा सदस्यज्यूहरू,**

९. "स्वस्थ नागरिक: समृद्ध गौरीगङ्गाको आधार" भन्ने मूल मान्यतालाई आत्मसात् गर्दै सबै नागरिकलाई गुणस्तरीय, सुलभ, पहुँचयोग्य र नागरिकमैत्री स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गरिनेछ ।

१०. निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा उपलब्ध गराउँदै स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधार, सेवा विस्तार तथा गुणस्तर सुधारलाई प्राथमिकताकासाथ अघि बढाइनेछ ।

११. सबै स्वास्थ्य संस्थाहरूमा आवश्यक औषधि, उपकरण तथा दक्ष जनशक्तिको नियमित उपलब्धता सुनिश्चित गर्दै सेवा प्रवाहलाई प्रभावकारी र व्यवस्थित बनाइनेछ ।

१२. सुरक्षित मातृत्व, संस्थागत सुत्केरी, पोषण सहयोग तथा निःशुल्क एम्बुलेन्स सेवामार्फत मातृ तथा शिशु मृत्युदर न्यूनीकरणका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१३. पूर्ण खोप सुनिश्चितता कायम राख्दै खोपबाट रोक्न सकिने रोगहरूको नियन्त्रण तथा क्षयरोग, कुष्ठरोग, डेंगु, मलेरिया, हैजा लगायत सरुवा रोगहरूको प्रभावकारी निगरानी र नियन्त्रण प्रणाली सुदृढ गरिनेछ ।

१४. वहुक्षेत्रीय पोषण कार्यक्रममार्फत कुपोषण न्यूनीकरण गर्दै किशोरकिशोरीमैत्री स्वास्थ्य सेवा, विद्यालय तथा समुदायस्तरमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा विस्तार गरिनेछ ।

१५. मधुमेह, उच्च रक्तचाप, मुटुरोग, क्यान्सर लगायत नसर्ने रोगहरूको समयमै पहिचान, रोकथाम तथा व्यवस्थापनका लागि नियमित स्वास्थ्य परीक्षण र जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. ज्येष्ठ नागरिक, अशक्त तथा दीर्घरोगीका लागि घरदैलो स्वास्थ्य सेवा विस्तार गर्दै स्वास्थ्य बीमामा नागरिकको पहुँच अभिवृद्धि गर्न आवश्यक सहजीकरण गरिनेछ ।

१७. स्वास्थ्य संस्थाहरूमा विद्युतीय अभिलेख तथा डिजिटल रिपोर्टिङ प्रणाली लागू गर्दै विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालनकासाथै आयुर्वेद, योग, ध्यान र स्वस्थ जीवनशैली प्रवर्द्धन गरिनेछ ।

१८. खानेपानीको नियमित गुणस्तर परीक्षण, अनुगमन तथा सुरक्षा मापदण्ड कार्यान्वयनलाई कडाइकासाथ लागू गर्दै जलजन्य रोग नियन्त्रण, निजी स्वास्थ्य संस्थाको दर्ता तथा नियमन सुदृढीकरण र स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि तथा वार्षिक कार्यसम्पादन मूल्याङ्कन प्रणाली प्रभावकारी रूपमा लागू गरिनेछ ।

१९. नियमित व्यायाम, स्वस्थकर खानपिन, सरसफाइ र स्वच्छता प्रवर्धनका लागि व्यापक जनचेतनामूलक अभियान सञ्चालन गरी स्वस्थकर जीवनशैलीलाई प्रोत्साहन गरिनेछ ।

२०. सार्वजनिक-निजी साझेदारी तथा लागत सहभागितामा आधारित विकास मोडेललाई प्रवर्द्धन गर्दै "एक घर, एक धारा, एक शौचालय" अभियानमार्फत स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी सेवा विस्तार गरी सबै घरधुरी तथा सार्वजनिक संस्थामा सफा शौचालयको प्रभावकारी प्रयोग सुनिश्चित गर्दै पूर्ण सरसफाइयुक्त समुदाय निर्माणतर्फ अघि बढिनेछ ।

**आदरणीय नगरसभा सदस्यज्यूहरू,**

२१. "गुणस्तरीय शिक्षा, सक्षम नागरिक" भन्ने मूल उद्देश्यसहित शिक्षा, युवा, खेलकुद तथा सांस्कृतिक प्रवर्धन क्षेत्रको समग्र विकासका लागि लगानी वृद्धि गर्दै शिक्षा तथा सांस्कृतिक सुधार योजना चरणबद्ध रूपमा कार्यान्वयन गरिनेछ ।

२२. सबै बालबालिकाको विद्यालय भर्ना तथा समतामूलक पहुँच सुनिश्चित गर्दै विद्यालय छोड्ने दर न्यूनीकरण, सिकाइ उपलब्धि वृद्धि गरी बालमैत्री, अपाङ्गतामैत्री तथा समावेशी शैक्षिक वातावरण निर्माण गरिनेछ ।

२३. सामुदायिक तथा संस्थागत विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि नियमित अनुगमन, प्रभावकारी नियमन तथा शैक्षिक सुधारका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२४. शिक्षकहरूको पेशागत क्षमता विकासका लागि नियमित तालिम, नगर शिक्षकहरूको पेसागत सुरक्षा प्रवर्धन गर्न लागत साझेदारीका आधारमा नागरिक लगानी कोषमा आवद्धता, पेसागत अभिमुखीकरण तथा कार्यसम्पादन मूल्याङ्कन प्रणाली प्रभावकारी बनाउँदै उत्कृष्टतालाई प्रोत्साहन गरिनेछ ।

२५. आधुनिक शैक्षिक पूर्वाधारहरू जस्तैः पुस्तकालय, गणित/विज्ञान प्रयोगशाला, सङ्गीत कार्यशाला, कम्प्युटर प्रयोगशाला, डिजिटल सिकाइ, वैकल्पिक सिकाइ विस्तार गर्दै सूचना प्रविधिमैत्री शिक्षण सिकाइ प्रवर्द्धन गरिनेछ ।

२६. गणित, विज्ञान, अंग्रेजी विषयमा आधारित सिकाइ सुधारसँगै शिक्षक बैंक, जीवनोपयोगी सीप, अतिरिक्त क्रियाकलाप, वृत्तिमार्ग निर्देशन तथा विद्यार्थी नेतृत्व विकास लगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२७. विद्यालय स्वास्थ्य, सरसफाइ तथा पोषणमैत्री वातावरण सुदृढ गर्दै स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रम प्रभावकारी बनाइ पत्रु खाना/खाजाको (junk foods) प्रयोगलाई निरुत्साहित गरिनेछ ।

२८. नगरपालिकाका विभिन्न सामाजिक सेवा (जस्तैः शिक्षण, स्वास्थ्य, कृषि, पशुपन्छी, खेलकुद) र विकास निर्माणका कार्यमा युवा बैंकमार्फत युवालाई विकासको साझेदार बनाउँदै उनीहरूको सीप, नेतृत्व, उद्यमशीलता विकास, स्वयंसेवा र सहभागितामा आर्थिक सामाजिक विकास तथा विकृतिविरुद्ध सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि युवा बैंकमा सूचीकृत युवाहरूलाई निश्चित अवधिका लागि तोकिएको आवश्यक क्षेत्रमा इन्टर्न वा स्वयंसेवकका रूपमा परिचालन गरी प्रोत्साहनका रुपमा अनुभव प्रमाणपत्र उपलब्ध गराइनेछ।

२९. एक वडा-एक खेल मैदान, गौरीगङ्गा रङ्गशाला निर्माण, खुला व्यायामशाला लगायतका खेलकुदका पूर्वाधार विस्तार गर्दै विद्यालयदेखि नगरपालिकास्तरसम्म खेल प्रतिभा पहिचान, विकास, प्रतियोगिता तथा समावेशी सहभागिता प्रवर्द्धन गरिनेछ।

३०. गौरीगङ्गाको बहुजातीय, बहुभाषिक तथा सांस्कृतिक विविधताको संरक्षण गर्दै भाषा, साहित्य, लोककला, लोकगीत तथा सङ्गीत, परम्परागत सम्पदा, पर्यटन पूर्वाधार, होमस्टे प्रवर्द्धन तथा सांस्कृतिक-पर्यटन एकीकृत विकासमार्फत स्थानीय पहिचान र आर्थिक गतिविधि सुदृढ गरिनेछ ।

३१. गौरीगङ्गा डबलीमार्फत युवाहरूमा विद्यमान विविध प्रतिभा पहिचान तथा सम्मान गरिनेछ ।

**आदरणीय नगरसभा सदस्यज्यूहरू,**

३२. "व्यावसायिक कृषि, आत्मनिर्भर किसान र समृद्ध गौरीगङ्गा" को अवधारणालाई आत्मसात् गर्दै कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण तथा यान्त्रिकीकरणलाई उच्च प्राथमिकता दिइनेछ ।

३३. कृषि तथा पशुपन्छीपालनलाई रोजगारी एवम् आर्थिक विकासको प्रमुख आधार क्षेत्रका रूपमा विकास गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्दै बजारीकरणमा जोड दिइनेछ ।

३४. किसान सूचीकरण कार्यक्रमलाई पूर्णता दिई डिजिटल किसान प्रोफाइल तयार गरी किसान परिचयपत्र वितरण तथा अभिलेख व्यवस्थापनलाई व्यवस्थित गरिनेछ।

३५. धान, गहुँ, मकै, तेलहन, दलहन, तरकारी तथा फलफूलगायतका प्रमुख बाली उत्पादन एवम् भैंसी, बाखा, गाई, कुखुरा, माछा पालनका उच्च सम्भावना भएको वडा र गाउँलाई पकेट क्षेत्र विकासमार्फत प्रोत्साहन गरिनेछ ।

३६. गौरीगङ्गा भूमि बैंक स्थापना गरी हाल बाँझो तथा उपयोगविहीन जमिनलाई उपभोग तथा उत्पादनका लागि प्रयोगमा ल्याउन विशेष अभियान सञ्चालन गर्दै सामूहिक, सहकारी तथा करार खेतीलाई प्रवर्द्धन गरिनेछ।

३७. कृषि उत्पादन लागत घटाउन तथा उत्पादन र उत्पादकत्त्व बढाउन कृषि यान्त्रिकीकरण, औजार तथा उपकरण खरिदमा लागत साझेदारी विस्तार गरिनेछ ।

३८. हाल सिँचाइको अभाव भएका खेतहरूका लागि सौर्य तथा साना सिँचाइ कार्यक्रमसँगै माटो परीक्षण, माटो स्वास्थ्य सुधार तथा प्राङ्गारिक र जैविक मलको प्रयोगलाई प्रवर्द्धन गरिनेछ ।

३९. कृषि तथा पशु सेवा प्राविधिकमार्फत नियमित खेतगोठ भेट, किसान प्रशिक्षण तथा प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरी आधुनिक कृषि अभ्यास विस्तार गरिनेछ ।

४०. कृषि बिमा कार्यक्रम विस्तार गर्दै उत्पादन सङ्कलन, भण्डारण, कोल्ड स्टोरकोल्ड चेम्बर, कृषि एम्बुलेन्स तथा बजार पूर्वाधार विकासलाई सुदृढ गरिनेछ।

४१. कृषिजन्य उत्पादनका लागि कृषि मूल्य शृङ्खला विकास, बजार पहुँच विस्तार तथा कृषक समूह, सहकारी र निजी क्षेत्रसँग साझेदारीमा कार्यक्रम सञ्चालन गर्दै उत्कृष्ट कृषक सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४२. पशुपन्छीपालनलाई व्यवसायिक, आधुनिक, प्रतिस्पर्धी तथा आयमूलक क्षेत्रका रूपमा विकास गर्दै उत्पादनशीलता अभिवृद्धि गरिनेछ, साथै पशुपन्छीपालन व्यवसायमा युवालाई आकर्षित गर्न नमूना पशुपन्छी फार्म सञ्चालन गरिनेछ ।

४३. प्रत्येक वडामा कृषि तथा पशुपन्छी स्वास्थ्य सेवाको पहुँच विस्तार गरिनेछ र आवश्यक प्राविधिक जनशक्ति तथा सेवा संरचना सुदृढ गरिनेछ ।

४४. पशुपन्छी उपचार, खोप, कृत्रिम गर्भाधान तथा अन्य प्राविधिक सेवाहरूलाई प्रभावकारी, नियमित र गुणस्तरीय बनाइनेछ ।

४५. पशुपन्छी रोग नियन्त्रणका लागि पशुपन्छी स्वास्थ्य शिविर सञ्चालन गरिनेछ र महामारीजन्य रोगको रोकथाम तथा आपतकालीन उपचार तयारी प्रणाली विकास गरिनेछ ।

४६. उन्नत जातका पशुपन्छी विकास तथा नश्ल सुधार कार्यक्रमलाई विस्तार गरी उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ ।

४७. पशुपन्छी तथा मत्स्य आहार उत्पादन, उन्नत घाँस खेती तथा पोषण व्यवस्थापन कार्यक्रम विस्तार गरिनेछ ।

४८. दूध, मासु तथा अण्डा उत्पादन र प्रशोधन उद्योग प्रवर्द्धन गर्दै यी उत्पादनमा आत्मनिर्भरता हासिल गरिनेछ ।

४९. पशुपन्छी बिमा कार्यक्रम विस्तार गरी पशुपालक कृषकको जोखिम न्यूनीकरण र व्यावसायिक सुरक्षा सुनिश्चित गरिनेछ ।

५०. पशुपन्छी बजार, सङ्कलन केन्द्र, डेरी, एग्रोभेट तथा अन्य पशुजन्य व्यवसायहरूको नियमित अनुगमन, नियमन र व्यवस्थापन प्रभावकारी बनाइनेछ।

५१. छाडा चौपाया व्यवस्थापन, सामुदायिक गौशाला सुधार, रेविज नियन्त्रण तथा सामुदायिक कुकुर बन्ध्याकरण कार्यक्रम सञ्चालन गर्नुका साथै उत्कृष्ट पशुपन्छीपालक कृषकहरूलाई सम्मानसमेत गरिनेछ ।

**आदरणीय नगरसभा सदस्यज्यूहरू,**

५२. "सीप सिकौं, उद्यम गरौं, रोजगारी सिर्जना गरौं" भन्ने मूल नारासहित सीप विकास, उद्यमशीलता र रोजगार प्रवर्द्धन अभियान सञ्चालन गर्दै आ.व. २०८३/०८४ लाई "सीप, उद्यमशीलता तथा रोजगार प्रवर्द्धन वर्ष" का रूपमा मनाइनेछ ।

५३. स्थानीय स्तरमै रोजगारी सिर्जना गरी बेरोजगारी न्यूनीकरण गर्ने लक्ष्यसहित प्रत्येक परिवारलाई कम्तीमा एक आयआर्जनको अवसर सुनिश्चित गर्न लक्षित वर्ग केन्द्रित कार्यक्रम सञ्चालन गरिनेछ ।

५४. युवामुखी सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ, जसमा महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गलाई विशेष प्राथमिकता दिइनेछ ।

५५. पूर्वाधार निर्माण, कृषि, विद्युत, प्लम्बिङ, कम्प्युटर, मोबाइल मर्मत, ए.सि./फ्रिज मर्मत, सिलाइकटाइ, अटोमोबाइल लगायतका व्यवसायिक तथा प्राविधिक सीप विकास तालिम सञ्चालन गरिनेछ ।

५६. सिप विकास तालिमलाई उत्पादन, स्वरोजगार तथा रोजगारीसँग प्रत्यक्ष रूपमा जोडिने व्यवस्था गरिनेछ र सिप सिकेका तथा सिप प्रमाण-पत्र भएका व्यक्तिहरूको डिजिटल अभिलेख (roster) तयार गरी नगरपालिकाबाट सञ्चालन हुने विकास निर्माण लगायतका आयोजनाहरूका काममा प्राथमिकता दिइनेछ ।

५७. वैदेशिक रोजगारबाट फर्किएका युवाको ज्ञान, सीप र पूँजीलाई उद्यममा रूपान्तरण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

५८. युवा उद्यमशीलता प्रवर्द्धन, नयाँ तथा नवप्रवर्तनशील व्यवसाय सुरु गर्न चाहने युवालाई उद्यम परामर्श सेवा तथा स्टार्टअप सहयोग गरिनेछ ।

५९. घरेलु तथा साना उद्योगको विकास, स्थानीय उत्पादनको ब्राण्डिङ र बजारीकरणमा सहयोग गर्दै स्थानीय अर्थतन्त्र सुदृढ गरिनेछ ।

६०. सूचना प्रविधिको प्रयोगमार्फत व्यवसाय दर्ता तथा नवीकरण प्रक्रियालाई सरलीकरण गरिनेछ र रोजगार सेवा केन्द्रलाई थप प्रभावकारी बनाई रोजगार सूचना तथा सेवामा सहज पहुँच सुनिश्चित गरिनेछ ।

६१. श्रम तथा रोजगारसँग सम्बन्धित अन्य सहायक कार्यक्रमहरू अन्तर्गत अनौपचारिक क्षेत्रका दक्ष जनशक्तिको सीप परीक्षण र प्रमाणीकरण, सुरक्षित वैदेशिक रोजगार अभिमुखीकरण, लोक सेवा र शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन तथा उत्कृष्ट युवा उद्यमीलाई सम्मान र प्रोत्साहन गरिनेछ ।

६२. सहकारी संस्थाहरूलाई उत्पादनमुखी, उद्यममुखी र आर्थिक विकासमा केन्द्रित गर्दै स्थानीय सरकारसँगको सहकार्य र समन्वयलाई थप सुदृढ गरिनेछ।

६३. सहकारी संस्थाहरूको नियमित अनुगमन, नियमन तथा वित्तीय अनुशासन र सुशासन सुदृढ गरी पारदर्शी र उत्तरदायी सञ्चालन सुनिश्चित गरिनेछ।

६४. बचतकर्ताको हित संरक्षणलाई प्राथमिकता दिँदै समस्याग्रस्त सहकारीहरूको पहिचान गरी आवश्यक सुधारात्मक तथा पुनर्संरचनात्मक पहल गरिनेछ ।

६५. सहकारी शिक्षा, वित्तीय साक्षरता विस्तार गरी सहकारी प्रणालीप्रतिको विश्वास अभिवृद्धि गर्दै दिगो, सुरक्षित र समावेशी सहकारी वित्तीय प्रणाली विकास गरिनेछ ।

**आदरणीय नगरसभा सदस्यज्यूहरू,**

६६. समावेशी, न्यायपूर्ण र अवसरमा समान पहुँच सुनिश्चित गर्ने समाज निर्माणलाई प्राथमिकता दिइनेछ तथा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई सबै नीति तथा कार्यक्रममा मूलप्रवाहीकरण गरिनेछ ।

६७. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा दलित, जनजाति, मुक्त कमैया, कमलरी, हलिया, एकल महिला लगायत पछाडि परेका वर्गको सशक्तीकरणका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

६८. महिला नेतृत्व विकास गर्दै निर्णय प्रक्रियामा महिलाको अर्थपूर्ण सहभागिता वृद्धि गरिनेछ साथै महिला उद्यमशीलता, स्वरोजगार तथा आयआर्जनका कार्यक्रम विस्तार गरिनेछ ।

६९. लैङ्गिक हिंसा, घरेलु हिंसा, बालविवाह, छाउपडी, मानव बेचबिखन, लागूपदार्थ दुर्व्यसन तथा अन्य सामाजिक कुरीति विरुद्ध सशक्त सचेतना, नियन्त्रण तथा संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

७०. किशोरी सशक्तीकरण, आत्मसुरक्षा तथा जीवनोपयोगी सीप विकास कार्यक्रमलाई प्राथमिकताकासाथ विस्तार गरिनेछ ।

७१. बाल अधिकार, बाल संरक्षण तथा बाल सहभागिता सम्बन्धी कार्यक्रमलाई प्रभावकारी बनाइनुकासाथै जोखिममा परेका, अनाथ तथा असहाय बालबालिकाको संरक्षण, पुनःस्थापना र पारिवारिक पुनःएकीकरण गरिनेछ ।

७२. बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्दै बालमैत्री वडा घोषणा तथा सोको दिगोपना अभियानलाई निरन्तरता दिइनेछ ।

७३. ज्येष्ठ नागरिकको सम्मान, सुरक्षा तथा स्वास्थ्य संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ साथै घरदैलोमै नियमित स्वास्थ्य परीक्षण सेवा प्रवाह गरिनेछ ।

७४. अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त भौतिक पूर्वाधार तथा सेवाको विकास गरिनेछ साथै उनीहरूको क्षमता विकास, आयआर्जन र पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ ।

७५. सामाजिक सुरक्षा कार्यक्रमलाई एकीकृत, प्रभावकारी, पारदर्शी र प्रविधिमैत्री बनाइनेछ ।

**आदरणीय नगरसभा सदस्यज्यूहरू,**

७६. गौरीगङ्गा यातायात गुरुयोजना र भू-उपयोग योजनाका आधारमा दिगो, गुणस्तरीय र नागरिकमैत्री भौतिक पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ ।

७७. उत्पादन क्षेत्र, सेवा केन्द्र, बजार तथा ग्रामीण बस्तीबीच प्रभावकारी आवागमन सुनिश्चित हुने गरी सडक सञ्जालको स्तरोन्नति, विस्तार र नियमित मर्मत सम्भार गरिनेछ ।

७८. सडक निर्माणमा अनिवार्य रूपमा नाला, ढल तथा पानी निकास र किनारामा वृक्षरोपण प्रणाली समावेश गरिनेछ भने आवश्यक स्थानमा पुल, कल्भर्ट, कजवे तथा झोलुङ्गे पुल निर्माण गरिनेछ ।

७९. सडक सुरक्षा सुदृढ गर्न साइनबोर्ड, जेब्राक्रसिङ, प्रतीक्षालय लगायतका संरचना निर्माण गरी गाउँबस्ती, बजार, विद्यालय, स्वास्थ्य संस्था र सार्वजनिक भवनसम्म सुरक्षित पहुँच सुनिश्चित गरिनेछ ।

८०. सबै कार्यालयहरू, सार्वजनिक भवन तथा सेवा केन्द्रहरूको पूर्वाधार क्रमशः स्तरोन्नति गर्दै अपाङ्गतामैत्री, ज्येष्ठ नागरिकमैत्री तथा बालमैत्री संरचनाका रुपमा विकास गरिनेछ ।

८१. भवन निर्माण मापदण्ड २०७२ र राष्ट्रिय भवन संहिता २०७२ को प्रभावकारी कार्यान्वयन गर्दै सुरक्षित बस्ती विकास, घर नक्सा पास, निर्माण स्वीकृति, अभिलेखीकरण तथा घर नम्बर प्रणालीलाई प्रविधिमैत्री, व्यवस्थित र पारदर्शी बनाइनेछ ।

८२. सार्वजनिक सम्पत्तिको संरक्षण, अभिलेखीकरण तथा उपयोग व्यवस्थित गर्दै बजार क्षेत्रको सौन्दर्यीकरण र योजनाबद्ध शहरी विकासलाई प्रवर्द्धन गरिनेछ ।

८३. स्मार्ट सडक बत्ती, सौर्य ऊर्जा तथा वैकल्पिक ऊर्जा प्रवर्द्धनमार्फत ऊर्जा दक्ष, आधुनिक र वातावरणमैत्री दिगो शहरी पूर्वाधार विकासलाई अघि बढाइनेछ ।

८४. पूर्वाधार निर्माणमा गुणस्तर नियन्त्रण, नियमित अनुगमन तथा सार्वजनिक जवाफदेहिता सुनिश्चित गर्दै परियोजना बैंकका आधारमा प्राथमिकता प्राप्त आयोजना क्रमशः कार्यान्वयन गरिनेछ ।

८५. गौरीगङ्गा नगरपालिकालाई विपद् सुरक्षित, उत्थानशील तथा प्रभावकारी प्रतिकार्य क्षमता सम्पन्न स्थानीय तहका रूपमा विकास गरिनेछ ।

८६. स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा (LDCRF) र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) लाई नियमित अद्यावधिक गरी प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिनेछ ।

८७. बाढी, डुबान, हावाहुरी, आगलागी, चट्याङ, सर्पदंश लगायतका प्रमुख विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरू व्यवस्थित रूपमा सञ्चालन गरिनेछ ।

८८. वडा विपद् व्यवस्थापन समितिको संस्थागत तथा प्राविधिक क्षमता अभिवृद्धि गर्दै वडा तथा समुदायस्तरमा विपद् स्वयंसेवक समूह गठन, परिचालन र सुदृढीकरण गर्दै समुदायमा आधारित विपद् व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

८९. विद्यालय तथा समुदायमा विपद् सचेतना, पूर्वाभ्यास तथा क्षमता विकास कार्यक्रम नियमित रूपमा सञ्चालन गरिनेछ ।

९०. स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र (LEOC) लाई आवश्यक उपकरण, सूचना प्रणाली र समन्वय संरचनासहित सुदृढीकरण गरिनेछ ।

९१. विपद् प्रभावित नागरिकलाई तत्काल उद्धार, राहत तथा पुनर्स्थापना सेवाहरू छिटो, प्रभावकारी र पारदर्शी रूपमा उपलब्ध गराइनेछ, साथै विपद् व्यवस्थापन कोषलाई उत्तरदायी ढंगले परिचालन गरिनेछ ।

९२. नदी कटान, भूक्षय तथा डुबान नियन्त्रणका संरचनात्मक तथा गैरसंरचनात्मक उपायहरू अवलम्बन गर्दै सर्पदंश उपचारसहितको आपतकालीन स्वास्थ्य सेवा सुदृढीकरण गरिनेछ ।

९३. फोहोरमैला व्यवस्थापनलाई वैज्ञानिक, दिगो र स्रोतमै वर्गीकरण केन्द्रित प्रणालीमा रूपान्तरण गर्दै वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा जलवायु अनुकूलन कार्यक्रममार्फत वातावरणमैत्री र हरित गौरीगङ्गा निर्माण अभियान अघि बढाइनेछ ।

**आदरणीय नगरसभा सदस्यज्यूहरू,**

९४. विधिको शासनको सुदृढीकरण गर्दै सबै नागरिकका लागि न्यायमा सहज पहुँच सुनिश्चित गरी मानव अधिकार, नागरिक अधिकार तथा सामाजिक न्यायको संरक्षणलाई प्रभावकारी बनाइनेछ ।

९५. संविधान तथा प्रचलित कानुन बमोजिम आवश्यक स्थानीय ऐन, नियम, कार्यविधि तथा मापदण्डको तर्जुमा, संशोधन र प्रभावकारी कार्यान्वयन गर्नुका साथै न्यायिक समितिको अभिलेख व्यवस्थापनलाई डिजिटल प्रणालीमा रूपान्तरण गरी स्थानीय कानुन, ऐन तथा कार्यविधिहरूको एकीकृत सङ्कलन प्रकाशन गरिनेछ ।

९६. न्यायिक समितिलाई थप प्रभावकारी, उत्तरदायी, पारदर्शी, सूचना प्रविधियुक्त तथा परिणाममुखी बनाउँदै संस्थागत सुदृढीकरण गरिनेछ ।

९७. न्यायिक समितिमा दर्ता भएका विवादहरूको समयमै र प्रभावकारी रूपमा फछ्र्यौट सुनिश्चित गर्न विशेष पहल गर्दै न्याय सम्पादन प्रक्रियालाई छिटो, सरल, सहज र नागरिकमैत्री बनाइ न्यायिक सेवाको गुणस्तर अभिवृद्धि गरिनेछ ।

९८. वडा तहमा रहेका मेलमिलाप केन्द्रहरूको संस्थागत सुदृढीकरण र स्थानीय विवाद समाधान प्रणालीलाई मजबुत तथा व्यवस्थित बनाउँदै समुदायमा मेलमिलाप संस्कृतिको विकास गरी विवादहरू स्थानीय तहमै दिगो समाधान गर्ने वातावरण निर्माण गरिनेछ ।

९९. मेलमिलापकर्ताको सूचीकरण, क्षमता विकास, पुनर्ताजगी तालिम तथा व्यावसायिक दक्षता अभिवृद्धि लगायतका कार्यक्रम नियमित रूपमा सञ्चालन गरिनेछ ।

१००. महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अन्य कमजोर वर्गको न्यायमा पहुँच सुनिश्चित गर्दै मानव अधिकार र कानुनी साक्षरतासम्बन्धी व्यापक जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

**आदरणीय नगरसभा सदस्यज्यूहरू,**

१०१. आन्तरिक राजस्व परिचालनलाई सुदृढ गर्दै सम्पत्ति कर, व्यवसाय कर, घरबहाल कर लगायतका स्थानीय कर स्रोतहरूको प्रभावकारी सङ्कलन तथा उपयोग गरिनेछ । विद्यमान करको दायराबाहिर रहेका आर्थिक गतिविधिहरूलाई औपचारिक कर प्रणालीमा आबद्ध गरी राजस्व आधार विस्तार गरिनेछ ।

१०२. कर प्रणालीलाई समन्यायिक, सरल, पारदर्शी, नागरिकमैत्री तथा प्रविधिमैत्री बनाउँदै कर प्रशासनलाई क्रमशः क्यासलेस तथा फेसलेस प्रणालीमा रूपान्तरण गर्दै सम्पूर्ण कर भुक्तानीलाई विद्युतीय माध्यममा रुपान्तरण गरिनेछ ।

१०३. करदाताको सम्मान अभिवृद्धि गर्दै स्वेच्छिक कर सहभागिता र कर अनुपालन बढाउने कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

१०४. राजस्व सुधार कार्ययोजना तयार गरी प्रभावकारी कार्यान्वयन गरिनेछ। समग्र कर प्रणालीको आधुनिकीकरण, कर आधार विस्तार तथा सार्वजनिक वित्त व्यवस्थापनलाई सूचनाप्रविधिमैत्री, दिगो र सुदृढ बनाइनेछ ।

१०५. बजार अनुगमनलाई नियमित र प्रभावकारी बनाइ उपभोक्ता हित संरक्षण, स्वस्थ प्रतिस्पर्धा र गुणस्तरीय वस्तु तथा सेवाको सुनिश्चितता गरिनेछ ।

१०६. सार्वजनिक स्रोत साधनको मितव्ययी र परिणाममुखी उपयोग गर्दै आर्थिक अनुशासन कायम गरिनेछ। बेरुजु फछ्र्यौट तथा वित्तीय जोखिम न्यूनीकरणलाई उच्च प्राथमिकता दिइनेछ ।

१०७. बजार क्षेत्र, सार्वजनिक स्थल तथा शहरी केन्द्रहरूको सरसफाइलाई संस्थागत गरिनेछ। साथै प्लास्टिकजन्य प्रदूषण न्यूनीकरण गर्दै एकपटक प्रयोग हुने प्लास्टिकको प्रयोग निरुत्साहित गरी वैकल्पिक सामग्रीको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

**आदरणीय नगरसभा सदस्यज्यूहरू,**

१०८. भू-उपयोग योजना कार्यान्वयन गर्दै भूमिको वैज्ञानिक, व्यवस्थित, महत्तम तथा दिगो उपयोग सुनिश्चित गरी कृषि योग्य भूमिको संरक्षण, उत्पादनमूलक उपयोग प्रवर्द्धन तथा भू-उपयोग सम्बन्धी जनचेतना र अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१०९. भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको तथ्याङ्क अद्यावधिकरण गरी विद्यमान समस्या समाधानका लागि सम्बन्धित निकायहरूसँग समन्वय र सहकार्य गरिनेछ ।

११०. नगरपालिका सरहदभित्रको सबै सार्वजनिक, ऐलानी तथा पर्ती जग्गाको व्यवस्थित डिजिटल अभिलेखीकरण, संरक्षण तथा अनधिकृत प्रयोग नियन्त्रण गरी प्रभावकारी सेवा प्रवाह गरिनेछ ।

१११. आर्थिक वर्ष २०८३/०८४ लाई गौरीगङ्गा नगरपालिकाले केवल एउटा प्रशासनिक वर्षका रूपमा नभई "सुशासन, गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा सुधार, डिजिटल रूपान्तरण, कृषि आधुनिकीकरण, सीप विकास तथा रोजगार प्रवर्द्धन" मार्फत जनजीवनमा सकारात्मक परिवर्तन ल्याउने साझा अभियानका रूपमा आत्मसात् गर्नेछ । यो वर्ष हरेक नागरिकको अपेक्षा, सपना र भरोसालाई व्यवहारमा रूपान्तरण गर्ने संकल्पको वर्ष हुनेछ।

११२. विद्यमान सीमित स्रोत र साधनलाई विवेकपूर्ण, मितव्ययी, पारदर्शी र अधिकतम प्रभावकारी ढंगले दक्षतापूर्ण उपयोग गर्दै नागरिकले प्रत्यक्ष अनुभूति गर्न सक्ने, जीवनमा परिवर्तन ल्याउने र परिणाम दिने कार्यक्रमहरूलाई मात्र प्राथमिकतामा राखिनेछ। प्रत्येक लगानी जनताको विश्वाससँग जोडिनेछ र नगरपालिकाको प्रत्येक निर्णय जनसेवाको भावनाबाट निर्देशित हुनेछ।

११३. नगरपालिका, वडा कार्यालय, विषयगत शाखा, निजी क्षेत्र, सहकारी, नागरिक समाज, विकास साझेदार तथा सम्पूर्ण नगरवासीबीचको सहकार्यलाई अझ सुदृढ गर्दै समृद्ध, सुशासित, सुरक्षित, हरियाली र आत्मनिर्भर गौरीगङ्गा निर्माण गर्ने साझा यात्रालाई नयाँ ऊर्जा र दृढताका साथ अघि बढाइनेछ। यो यात्रा सबैको सहभागिता र साझा जिम्मेवारीको प्रतीक हुनेछ।

देवी दत्त कँडेल
नगर प्रमुख

११४. प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमार्फत जनविश्वासलाई अझ मजबुत बनाउँदै "समृद्ध गौरीगङ्गा, सुखी गौरीगङ्गावासी" भन्ने साझा सपनालाई व्यवहारमा परिणत गर्ने अटल प्रतिबद्धता व्यक्त गर्दछु । यो संकल्प केवल घोषणा होइन, व्यवहारमा देखिने परिवर्तनको वाचासमेत हुनेछ भन्ने विश्वास छ ।

यस नगरपालिकाको समग्र विकास र समृद्धिको यात्रामा निरन्तर सहयोग पुर्याउँदै आउनुभएका राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी तथा सुरक्षाकर्मी, मजदुर, किसान, उद्योगी, व्यवसायी, सहकारी, बैंक तथा वित्तीय सँस्थाहरू, विकास साझेदार, समुदायमा आधारित सँघ सँस्था, नागरिक समाज, सञ्चारकर्मी लगायत सम्पूर्ण नगरबासी दाजुभाई तथा दिदीबहिनीहरूमा हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा समेत निरन्तर साथ र सहयोग प्राप्त भइरहने विश्वास व्यक्त गर्दछु । यस नगरसभाको बिसौं अधिवेशनको पूर्ण सफलताको हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

धन्यवाद ।

२०८३ आषाढ ५ गते शुक्रबार ।

...................

देवी दत्त कँडेल

नगरप्रमुख

२. यस गौरीगङ्गा नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ का लागि नगर उप प्रमुख श्री भोज बहादुर बम ज्युद्वारा सम्मानित २० औ (बीसौं) नगर सभामा प्रस्तुत **वार्षिक बजेट वक्तव्य (२०८३/०८४)** सम्बन्धी प्रस्ताव देहाय बमोजिमको **बिस्तृत कार्यक्रम/परियोजना** सहित सभामा निर्णयार्थ पेश हुँदा कुनै पनि सदस्यको फरकमत नरहेका कारण ध्वनिमतका आधारमा सर्बसम्मतिबाट पारित गरियो ।

तपसिल

गौरीगंगा नगरपालिकाको नगरसभाको २०औं अधिवेशनमा नगर उप-प्रमुख श्री भोज बहादुर बमज्यूद्धारा प्रस्तुत आ.व.२०८३/८४ को बजेट वक्तव्य

**नगर सभाका अध्यक्ष ज्यू,**

**सम्मानित नगरसभाका सदस्यहरु ज्यू,**

१. आज म नेपालको संविधान, २०७२ को धारा २३० ले दिएको अधिकार प्रयोग गरी यस गरिमामय नगर सभामा आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु। यस अवसरमा सर्वप्रथम राष्ट्रप्रति समर्पित भई राजनीतिक परिवर्तन, लोकतन्त्र स्थापना तथा देशको सार्वभौमिकता, राष्ट्रिय एकता र नागरिक अधिकारको संरक्षणका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात सम्पूर्ण शहीदहरूप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्न चाहन्छु। साथै नेपालको समग्र राजनीतिक परिवर्तनका क्रममा भएका विभिन्न आन्दोलनमा घाइते हुनु भएका तथा बेपत्ता नागरिकहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

२. राष्ट्र निर्माण, लोकतान्त्रिक मूल्यको सुदृढीकरण तथा सुशासनको पक्षमा नागरिक सचेतना अभिवृद्धि गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको २०८२ साल भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनलाई सम्मानपूर्वक स्मरण गर्दै, आन्दोलनका क्रममा जीवन गुमाउनु भएका नागरिकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली तथा घाइते एवं पिडित परिवारहरूप्रति हार्दिक समवेदना व्यक्त गर्दछु। जेन्जी आन्दोलनमार्फत लोकतान्त्रिक मूल्य, सुशासन, सामाजिक न्याय तथा नागरिक उत्तरदायित्वको पक्षमा आवाज उठाउने सम्पूर्ण नागरिक, युवावर्ग तथा अभियानमा संलग्न व्यक्तित्वहरूको योगदानलाई उच्च सम्मानका साथ स्मरण गर्न चाहन्छु। जेन्जी आन्दोलनले उजागर गरेका जनचाहना, आशा र अपेक्षालाई आत्मसात् गर्दै नयाँ निर्वाचित सरकारले देशलाई सुशासन, समृद्धि, सामाजिक न्याय र दिगो विकासको मार्गमा अघि बढाओस्, नागरिकको राज्यप्रतिको विश्वास अझ सुदृढ बनाओस् र लोकतान्त्रिक उपलब्धिहरूलाई संस्थागत गर्दै समुन्नत नेपालको निर्माणमा सफल होस् भन्ने शुभेच्छा समेत व्यक्त गर्दछु।

३. २०८२ साल भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनबाट आगजनी र तोडफोड गरी क्षतिग्रस्त बनाईएको नगरपालिका तथा वडा कार्यालय भवनलाई फर्निचर, ईलेक्ट्रोनिक तथा मेशिनरी लगायतका सामाग्री उपलब्ध गराई पहिलेकै अवस्थामा ल्याउन सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरु, समाजसेवी, सामुदायिक विद्यालयहरु, विभिन्न संघसस्था, सामुदायिक वन तथा सहकारी लगायत सबैलाई हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

४. प्रस्तुत बजेट तथा कार्यक्रम निर्माण गर्दा स्थानीय सरकारको सामाजिक-सौँस्कृतिक तथा भौगोलिक विविधता र मानव विकासको अवस्था, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा नेपालको संविधानमा निर्दिष्ट राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, मौलिक हक, सोह्रौं आवधिक योजना, दिगो विकास लक्ष्य, सुदूरपश्चिम प्रदेशको आवधिक योजना, गौरीगंगा नगरपालिकाको आवधिक योजना, मध्यमकालिन खर्च संरचना र कार्यपालिका सदस्यज्यूहरुबाट प्राप्त सुझावलाई प्रमुख मार्गदर्शन

देवी दत्त कँडेल
नगर प्रमुख

बनाईएको छ। त्यसैगरी राजनीतिक दल, नागरिक समाज, निजी तथा सहकारी क्षेत्र, विकासका साँझेदारीहरु, प्राज्ञिक एवम् बुद्धिजीवि वर्ग, आमसंचार जगत लगायतका सरोकारवालाहरुबाट प्राप्त सुझाव समेतलाई बजेट तथा कार्यक्रम निर्माणको आधारका रूपमा समेटिएको छ।

**नगर सभा अध्यक्ष ज्यू,**

५. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नगरपालिकाको आयोजना बैङ्कमा सुचीकृत भएका आयोजना छनोट र प्राथमिकीकरणलाई उच्च प्राथमिकता दिँदै विस्तृत परियोजना प्रतिवेदन तयार भएका, वातावरणीय प्रभाव मूल्याङ्कन सम्पन्न भएका, उच्च आर्थिक र सामाजिक लाभ दिने, रोजगारी सिर्जना गर्ने र पूँजी निर्माणमा योगदान पुर्‍याउने रूपान्तरणकारी आयोजनालाई प्राथमिकता प्रदान गर्दै तत्काल कार्यन्वयन गर्न नसकिने, साना-साना, टुक्रे र अनुत्पादनशील आयोजना तथा कार्यक्रमलाई निरूत्साहित गर्ने नीति अवलम्बन गरेको छु । यस बजेटले नगरपालिकाको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न, उद्यमशीलता प्रवर्धन गर्न, व्यापक रोजगारी सिर्जना गरी गरिबी निवारणमा टेवा पुर्‍याउन, आर्थिक-सामाजिक बञ्चितिकरणलाई घटाउन तथा दिगो पूर्वाधार विकास र सुशासन अभिवृद्धि गर्न अहम भुमिका खेल्ने आशा लिएको छु ।

६. नगरपालिकामा उपलब्ध भौतिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा मानव स्रोत—साधनको समुचित परिचालन गर्दै प्रभावकारी वित्तीय व्यवस्थापन, संस्थागत क्षमता विकास, मानव पूँजी निर्माण, नतिजामूलक आयोजना तथा कार्यक्रम व्यवस्थापन, पूँजीगत खर्चको दक्षता अभिवृद्धि तथा सेवा प्रवाहको गुणस्तर सुधारमा केन्द्रित हुने गरी यो बजेट तर्जुमा गरेको छु।

**सभा अध्यक्ष ज्यू,**

७. सङ्घीय लोकतन्त्र नेपालको संविधान कार्यन्वयन हुने क्रममा निर्वाचित जनप्रतिनिधिहरु मार्फत जनताले आफैलाई शासित गर्ने बातावरण निर्माण भएको परिपेच्छमा यस गौरीगङ्गा नगरपालिकालाई संघीयताको मर्म अनुसारका विकास प्रकियालाई व्यवस्थित रुपमा सञ्चालन गर्न वडा तथा टोल-बस्तीस्तरबाट सिफारिस भई आएका योजना तथा कार्यक्रमहरु विषयगत समिति, बजेट तर्जुमा समिति हुदै कार्यपालिकाको बैठकबाट स्वीकृत भएको बजेट तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्न गईरहेको छ। यस अवसरमा गौरीगङ्गाका सम्पुर्ण नगरबासीहरु लाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

**सभाध्यक्ष महोदय,**

८. अब म यस गौरीगंगा नगरपालिकाको आर्थिक वर्ष २०८३।८४ को बजेट तथा कार्यक्रम यस सम्मानित नगरसभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु। यस अघि आर्थिक वर्ष २०८१/८२ को यथार्थ वित्तीय अवस्था र आर्थिक वर्ष २०८२/८३ को जेष्ठ मसान्तसम्मको आय-व्यय विवरण संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु ।

**आर्थिक वर्ष २०८१/८२ को वित्तीय समिक्षा**

आ.व.२०८१/८२ मा कुल आम्दानी रु.६५ करोड ३२ लाख ५९ हजार ७१५ भएकोमा रु.५९ करोड २० लाख ०५ हजार ९३१ खर्च भई बाँकी रकम रु.६ करोड १२ लाख ५३ हजार ७८४ बैक मौज्दातमा रहेको र चालु आर्थिक वर्ष २०८२/८३ मा नगरपालिकाको संचितकोषमा अ.ल्या. गरिएको व्यहोरा जानकारी गराउन चाहन्छु।

| आ.व.२०८१/८२ को वास्तविक आय-व्यय विवरण | | | |
|---|---|---|---|
| आ.व.२०८१/८२ | अंकमा | अक्षरमा | कैफियत |
| प्रस्तावित आय | ७४४,३१६,१००.०० | ७४ करोड ४३ लाख १६ हजार १०० | |
| वास्तविक आय | ६५३,२५९,७१५.०० | ६५ करोड ३२ लाख ५९ हजार ७१५ | |
| कुल खर्च | ५९२,००५,९३१.०० | ५९ करोड २० लाख ०५ हजार ९३१ | |
| चालु खर्च | ४५८,८३७,३२९.०० | ४५ करोड ८८ लाख ३७ हजार ३२९ | |
| पूँजिगत खर्च | १३३,१६८,६०२.०० | १३ करोड ३१ लाख ६८ हजार ६०२ | |
| कुल खर्च प्रतिशत | ७९.५३ | ७९.५३ प्रतिशत | |
| चालु खर्च प्रतिशत | ८७.०७ | ८७.०७ प्रतिशत | |
| पुँजिगत खर्च प्रतिशत | ६१.२७ | **६१.२७ प्रतिशत** | |

**आर्थिक वर्ष २०८२/८३ को वित्तीय अवस्था**

आ.व.२०८२/८३ को लागि नगरसभाबाट स्वीकृत भएको रु.८० करोड ९८ लाख ८६ हजार १८० को संशोधित अनुमानमा चालु आ.व.२०८२/८३ को जेष्ठ मसान्तसम्ममा रु.६८ करोड ४४ लाख ३५ हजार ६५२ आम्दानी भएको र सो आम्दानीबाट रु.४३ करोड ६६ लाख ७५ हजार ४०४ खर्च गरिएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

| आ.व.२०८२/८३ | आ.व.२०८२/८३ को जेष्ठ मसान्तसम्मको आय-व्यय विवरण | | |
|---|---|---|---|
| | अंकमा | अक्षरमा | कैफियत |
| प्रस्तावित आय | ८०९,८८६,१८०.०० | ८० करोड ९८ लाख ८६ हजार १८० | |
| वास्तविक आय | ६८४,४३५,६५२.०० | ६८ करोड ४४ लाख ३५ हजार ६५२ | |
| कुल खर्च | ४३६,६७५,४०४.०० | ४३ करोड ६६ लाख ७५ हजार ४०४ | |
| चालु खर्च | ३४०,५०३,६६१.०० | ३४ करोड ०५ लाख ०३ हजार ६६१ | |
| पुँजिगत खर्च | ९६,१७१,७४३.०० | ०९ करोड ६१ लाख ७१ हजार ७४३ | |
| कुल खर्च प्रतिशत | ५३.५६ | ५३.५६ प्रतिशत | |
| चालु खर्च प्रतिशत | ६३.६० | ६३.६ प्रतिशत | |
| पुँजिगत खर्च प्रतिशत | ३४.३८ | ३४.३८ प्रतिशत | |

**यस सभाका सभाध्यक्ष ज्यु,**

अब म आगामी,

आर्थिक वर्ष २०८३/८४ का लागी तयार पारिएको यस गौरीगंगा नगरपालिकाको रु.१ अर्ब ९ करोड ७६ लाख २८ हजार को प्रस्तावित आय-व्यय विवरण यस सम्मानित नगरसभा समक्ष पेश गर्न चाहन्छु ।

❖ **प्रस्तावित आय तर्फ**

| सि.नं. | अनुदान / राजश्वको विवरण | प्रस्तावित रकम रु. | अक्षरमा |
|---|---|---|---|
| १ | संघीय समानीकरण अनुदान | १६२,२००,०००.०० | १६ करोड २२ लाख |
| २ | संघीय सशर्त अनुदान-चालु | २५०,२००,०००.०० | २५ करोड ०२ लाख |
| ३ | संघीय सशर्त अनुदान-पूँजिगत | ५,६००,०००.०० | ५६ लाख |
| ४ | संघीय समपुरक अनुदान-पुँजिगत | २,४००,०००.०० | २४ लाख |
| ५ | संघीय विशेष अनुदान-पुँजिगत | १५,०००,०००.०० | १ करोड ५० लाख |
| ६ | प्रदेश समानीकरण अनुदान | १५,४५०,०००.०० | १ करोड ५४ लाख ५० हजार |
| ७ | प्रदेश सशर्त अनुदान-चालु/पुँजिगत | ७५,०००,०००.०० | ७ करोड ५० लाख |
| ८ | प्रदेश समपुरक अनुदान-पूँजिगत | ३,६९८,०००.०० | ३६ लाख ९८ हजार |
| ९ | प्रदेश विशेष अनुदान-पुँजिगत | ७,६५०,०००.०० | ७६ लाख ५० हजार |
| १० | संघीय राजश्व बाँडफाँड | १५६,२९१,०००.०० | १५ करोड ६२ लाख ९१ हजार |
| ११ | प्रदेश राजश्व बाँडफाँड | ६,५२८,०००.०० | ६५ लाख २८ हजार |
| १२ | स्थानीय राजश्व बाँडफाँड | २८,६००,०००.०० | २ करोड ८६ लाख |
| १३ | आन्तरिक राजश्व | ७१,४२०,०००.०० | ७ करोड १४ लाख २० हजार |
| १४ | गत वर्षको बैंक मौज्दात | १७,५९१,०००.०० | १ करोड ७५ लाख ९१ हजार |
| १५ | सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम | २८०,०००,०००.०० | २८ करोड |
| | **कुल प्रस्तावित आय** | **१,०९७,६२८,०००.००** | **१ अर्ब ९ करोड ७६ लाख २८ हजार** |

**प्रस्तावित व्यय तर्फः**

| सि.नं. | बजेट-उपशिर्षक / शाखा/कोष/योजना तथा कार्यक्रम | प्रस्तावित रकम रु. | अक्षरमा |
|---|---|---|---|
| १ | संघीय सरकारबाट हस्तान्तरित सर्शत चालु कार्यक्रम | २५ करोड ०२ लाख | २५०,२००,०००.०० |
| २ | संघीय सरकारबाट हस्तान्तरित सर्शत पुँजिगत कार्यक्रम | ५६ लाख | ५,६००,०००.०० |
| ३ | संघीय सरकारबाट हस्तान्तरित समपुरक पूँजिगत कार्यक्रम | २४ लाख | २,४००,०००.०० |
| ४ | संघीय सरकारबाट हस्तान्तरित विशेष-पूँजिगत कार्यक्रम- | १ करोड ५० लाख | १५,०००,०००.०० |

देवी दत्त कँडेल
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| ५ | प्रदेश सरकारबाट हस्तान्तरित सर्शत चाल/पुँजिगत कार्यक्रम | ७ करोड ५० लाख | ७५,०००,०००.०० |
| ६ | प्रदेश सरकारबाट हस्तान्तरित समपुरक पुँजिगत कार्यक्रम | ३६ लाख ९८ हजार | ३,६९८,०००.०० |
| ७ | प्रदेश सरकारबाट हस्तान्तरित विशेष-पुँजिगत कार्यक्रम | ७६ लाख ५० हजार | ७,६५०,०००.०० |
| ८ | नगरपालिकाको प्रशासनिक खर्च | १६ करोड २९ लाख | १६२,९००,०००.०० |
| ९ | प्रशासन तथा जनशक्ति विकास शाखा | ३२ लाख | ३,२००,०००.०० |
| १० | शिक्षा युवा तथा खेदकुद विकास शाखा | ७ करोड २ लाख ६८ हजार | ७०,२६८,०००.०० |
| ११ | जनस्वास्थ्य, पोषण तथा सरसफाई शाखा | १ करोड ५१ लाख ५४ हजार | १५.१५४,०००.०० |
| १२ | कृषि विकास शाखा | ८५ लाख | ८,५००,०००.०० |
| १३ | पशुपक्षी सेवा शाखा | ७५ लाख | ७,५००,०००.०० |
| १४ | महिला तथा बालबालिका विकास शाखा | ४० लाख | ४,०००,०००.०० |
| १५ | भूमि प्रशासन शाखा | १० लाख | १,०००,०००.०० |
| १६ | सिप, रोजगार तथा उद्यम विकास शाखा | ५० लाख | ५,०००,०००.०० |
| १७ | सुचना प्रविधि शाखा | १४ लाख | १,४००,०००.०० |
| १८ | राजश्व प्रशासन तथा बजार अनुगमन शाखा | १० लाख | १,०००,०००.०० |
| १९ | जिन्सी व्यवस्थापन शाखा | ५२ लाख | ५,२००,०००.०० |
| २० | न्यायिक समिति तथा कानुन शाखा | १० लाख | १,०००,०००.०० |
| २१ | वातावरण तथा विपद व्यवस्थापन शाखा | ७० लाख | ७,०००,०००.०० |
| २२ | योजना तथा पुर्वाधार विकास शाखा | ४ करोड ६६ लाख | ४६,६००,०००.०० |
| २३ | पञ्जीकरण शाखा | १० लाख ६० हजार | १,०६०,०००.०० |
| २४ | बैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम | २० लाख | २,०००,०००.०० |
| २५ | नगर समपुरक कोष | १ करोड | १०,०००,०००.०० |
| २६ | संघीय समपुरक योजनाको साँझेदारी रकम | २४ लाख | २,४००,०००.०० |
| २७ | प्रदेश समपुरक योजनाको साँझेदारी रकम | ३६ लाख ९८ हजार | ३,६९८,०००.०० |
| २८ | कार्यपालिका सदस्य विकास कोष (७ जना/१० लाख) | ७० लाख | ७,०००,०००.०० |
| २९ | वडा कार्यालय तर्फ (१-११ वडा) | ९ करोड २२ लाख | ९२,२००,०००.०० |
| ३० | सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम | २८ करोड | २८०,०००,०००.०० |
| | **कुल प्रस्तावित व्यय** | १,०९७,६२८,०००.०० | **१ अर्ब ९ करोड ७६ लाख २८ हजार** |

**वडा कार्यालय तर्फ (१-११ वडा):**

| सि.नं. | विवरण | प्रस्तावित रकम रु. | कैफियत अक्षरमा |
|---|---|---|---|
| १ | १ नं. वडा कार्यालय | ८५,००,०००.०० | ८५ लाख |
| २ | २ नं. वडा कार्यालय | ८४,००,०००.०० | ८४ लाख |
| ३ | ३ नं. वडा कार्यालय | ८३,००,०००.०० | ८३ लाख |
| ४ | ४ नं. वडा कार्यालय | ८५,००,०००.०० | ८५ लाख |
| ५ | ५ नं. वडा कार्यालय | ८४,००,०००.०० | ८४ लाख |
| ६ | ६ नं. वडा कार्यालय | ८३,००,०००.०० | ८३ लाख |
| ७ | ७ नं. वडा कार्यालय | ८२,००,०००.०० | ८२ लाख |
| ८ | ८ नं. वडा कार्यालय | ८५,००,०००.०० | ८५ लाख |
| ९ | ९ नं. वडा कार्यालय | ८४,००,०००.०० | ८४ लाख |
| १० | १० नं. वडा कार्यालय | ८२,००,०००.०० | ८२ लाख |
| ११ | ११ नं. वडा कार्यालय | ८५,००,०००.०० | ८५ लाख |



देवी दत्त केडेल
नगर प्रमुख

| | कुल प्रस्तावित रकम | ९,२२,००,०००.०० | ९ करोड २२ लाख |
|---|---|---|---|

यसरी आगामी आ.व.२०८३/८४ का लागि प्रस्ताव गरिएको आय-व्यय रकम रु.१ अर्ब ९ करोड ७६ लाख २८ हजार रहेको र बजेट तथा कार्यक्रमको विस्तृत प्रति पछि उपलब्ध गराईने व्यहोरा अनुरोध गर्न चाहन्छु ।

गौरीगङ्गा नगरपालिका आफैमा ऐतिहासिक, प्राकृतिक, साँस्कृतिक, भौगोलिक, आर्थिक तथा धार्मिक दृष्टिकोणले महत्वपूर्ण रहेको विषय यहाँहरुलाई अवगत नै छ । स्वावलम्बी, आत्मनिर्भर अर्थतन्त्रको विकास मार्फत विकासका क्षेत्रमा अहिलेसम्म भएका सकारात्मक प्रयास, राजनैतिक दलहरूबाट भएको सहयोग, विकास साझेदारहरूको सतप्रयास, विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूको सहयोग, सङ्घियताको मर्म अनुरुप सँध र प्रदेश सरकारसँगको समन्वय र सहकार्य, निजी क्षेत्रको सहयोग तथा आम नगरबासीको विकास प्रतिको चासो र सकारात्मक सोच गौरीगङ्गाको समग्र विकासका लागि हामीले अवसरका रूपमा लिएका छौं ।

उल्लेखित सम्भावनाका बावजुद हाम्रा सामु थुप्रै चुनौती र समस्याहरू पनि रहेका छन् । नेपाल सरकारको राजस्व संकलनमा आएको न्यूनता तथा नगरपालिकाको सीमित आर्थिक स्रोतका कारण र तहगत सरकारबीच बजेट तथा कार्यक्रम तर्जुमा, आयोजना कार्यान्वयन र नीति व्यवस्थापनका विषयमा प्रभावकारी समन्वय, सहकार्य तथा सामञ्जस्यताहुन नसक्दा जनताको अपेक्षित उपलब्धि हासिल गर्न सकिएको छैन्। मानव विकास सूचकाङ्का तीन ओटा आधारहरू: जीवन प्रत्यासा, आधारभूत शिक्षामा पहुँच र प्रतिव्यक्ति आम्दानीमा हामीले धेरै उपलब्धिहरू हासिल गर्न अझै बाँकी छ । यो सँगसँगै हाल बढ्दो शिक्षित बेरोजगारी, लागूऔषध दुर्व्यसन, जलवायु परिवर्तनको बढ्दो जोखिम र विपद व्यवस्थापन आदि हाम्रा लागि ठूलो चुनौती बनेका छन

निर्वाहमुखी कृषिलाई व्यवसायीकरण गर्नुपर्ने चुनौती छ भने मौजुदा सामाजिक तथा लैंगिक विभेद आशातित रुपमा घटाउन सकिएको छैन । रोजगारीका पर्याप्त र आकर्षक अवसर नहुँदा विदेशिनु पर्ने पीडा छँदैछ। युवाहरूमा बढ्दो बिदेश मोह, उत्पादनमूलक उद्योग व्यवसाय क्षेत्रमा कमी आएको छ । बेरोजगारी दर बढ्दो क्रममा छ । यसका साथै शिक्षित तथा सिप भएका युवाका लागि स्वदेशमै कृषि, उद्योग, पर्यटन लगायतका क्षेत्रमा रोजगारी सिर्जना गर्नु अत्यावश्यक भईसकेको छ । गुणस्तरीय विद्यालय शिक्षा, आधारभूत स्वास्थ्य सेवामा सुधार, पूर्वाधार तथा प्रविधिका क्षेत्रमा समयानुकुल सन्तुलित विकास गर्दै गरिबी घटाउन सहभागितामूलक प्रयासको खाँचोलाई यस बजेटले सहयोग पुर्याउने अपेक्षा गरेको छु ।

अन्तमा,

आम नगरबासीहरूबाट प्राप्त अपनत्व, सद्भाव, त्याग र समर्पणले विकासप्रतिको हाम्रो संकल्पलाई थप सशक्त र प्रेरणादायी बनाएको छ। विकास र समृद्धिको लक्ष्य हासिल गर्न सबै पक्षको साझा प्रतिबद्धता, सहकार्य र सत्प्रयास अपरिहार्य छ। यहाँहरूको चाहना र हाम्रो सपना एकै उद्देश्यतर्फ केन्द्रित छन्। त्यसैले हरित, समृद्ध, आधुनिक, सामाजिक न्याययुक्त, सुशासनमुखी तथा नागरिकमैत्री गौरीगङ्गा नगरपालिका निर्माणका लागि हाम्रो सामूहिक प्रयास निरन्तर जारी रहने दृढ प्रतिबद्धता व्यक्त गर्दछु।

आजको यस गरिमामय अवसरमा जननिर्वाचित नगर उप-प्रमुखको हैसियतले गौरीगङ्गा नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर प्राप्त हुनु मेरा लागि अत्यन्तै गौरव र जिम्मेवारीको विषय बनेको छ। प्रस्तुत बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि सम्पूर्ण नगरबासी, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, निजी क्षेत्र, सञ्चारकर्मी, नागरिक समाज तथा सरोकारवाला सबै पक्षबाट रचनात्मक सहयोग, सहकार्य र सुझाव प्राप्त हुने विश्वास लिएको छु।

उन्नत, समृद्ध, सुशासित, समावेशी र नागरिकमैत्री गौरीगङ्गा निर्माणको हाम्रो साझा अभियानलाई लक्ष्यमा पुऱ्याउने यस बजेट तथा कार्यक्रमलाई सफल बनाउन यहाँहरू सबैको निरन्तर साथ, सहयोग, समर्थन र सहकार्यको अपेक्षा राख्दै बिदा हुन्छु ।

धन्यवाद

।। जय नेपाल।।

......................

भोज बहादुर बम

नगर उप-प्रमुख

३. नगर कार्यपालिकाबाट सिफारिस भई आएको देहाय बमोजिमको गौरीगङ्गा नगरपालिकाको **"आ.व. २०८३/०८४ को आर्थिक विधेयक, २०८३"** लाई स्वीकृतिका लागि निर्णयार्थ पेश हुँदा कुनै पनि सदस्यको फरकमत नरहेको कारण ध्वनिमतका आधारमा सर्वसम्मतिबाट पारित गरियो ।

[illegible]